नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या २०७५/७६
चलानी नं.: १८४

मिति : २०७५।०७।१२

श्री महानगरपालिका सबै,
श्री उप-महानगरपालिका सबै,
श्री नगरपालिका सबै,
श्री गाउँपालिका सबै ।

विषय: मापदण्ड कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको च.नं. २९५,मिति २०७५/०६/१० को पत्रबाट प्राप्त नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७५/०६/०५ मा स्वीकृत "स्थानीय तहले खरिद गर्ने एम्बुलेन्समा राजस्व छुट सम्बन्धी मापदण्ड २०७५" को कार्यावन्यनको लागि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

केशवराज पार्धे
शाखा अधिकृत

बोधार्थ:
श्री अर्थ मन्त्रालय, सिंहदरबार ।
श्री सूचना तथा प्रविधि शाखा: website मा upload गरिदिनु हुन ।

# स्थानीय तहले खरिद गर्ने एम्बुलेन्समा राजस्व छुट सम्बन्धी मापदण्ड, २०७५

प्रस्तावनाः स्थानीय जनतालाई सुलभ तरिकाले एम्बुलेन्स सेवा उपलब्ध गराउने र एम्बुलेन्स सेवामा जनताको पहुँच बढाउने उद्देश्यले स्थानीय तहले खरिद गर्ने एम्बुलेन्समा प्रत्येक स्थानीय तहको जनसंख्या, भौगोलिक बनावट तथा संचालन क्षमता समेतका आधारमा राजस्व छुट दिने प्रयोजनको लागि मापदण्ड बनाई लागू गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार(मन्त्रिपरिषद)ले देहायको मापदण्ड बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "स्थानीय तहले खरिद गर्ने एम्बुलेन्समा राजस्व छुट सम्बन्धी मापदण्ड, २०७५" रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकार(मन्त्रिपरिषद)बाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "एम्बुलेन्स" भन्नाले विरामी ओसार्न स्वीकृति प्राप्त गरेको बाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरणलाई समेत जनाउँछ ।

(ख) "दाता" भन्नाले प्रतिफल प्राप्त गर्ने वा प्रतिफलको आशा नगरी स्थानीय तहलाई एम्बुलेन्स उपलब्ध गराउने स्वदेशी वा विदेशी व्यक्ति, निकाय वा सङ्घ-संस्था सम्झनु पर्छ ।

(ग) "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७३" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका,२०७३" सम्झनु पर्छ ।

(घ) "राजस्व" भन्नाले सालबसाली जारी हुने आर्थिक ऐनमा व्यवस्था भएबमोजिम पैठारी बिन्दुमा भन्सार ऐन, २०६४ बमोजिम लाग्ने भन्सार महसुल सम्झनु पर्छ।

(ङ) "स्थानीयतह" भन्नाले महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ ।

३. पूर्व सहमति लिनुपर्नेः(१) एम्बुलेन्स खरिद गरी सञ्चालन गर्ने स्थानीय तहले एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७३ बमोजिम एम्बुलेन्स सञ्चालनको लागि अनुमति लिएको हुनुपर्नेछ ।

(२) राजस्व छुट सुविधामा एम्बुलेन्स खरिद गरी सञ्चालन गर्न चाहने स्थानीय तहले एम्बुलेन्स खरिद गर्ने निर्णय गर्नुपूर्व नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको पूर्वसहमतिको लागि अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

४. <u>राजस्व छुटमा उपलब्ध गराइने एम्बुलेन्सः</u> (१) स्थानीय तहको जनसंख्या, भौगोलिक बनावट तथा संचालन क्षमता समेतका आधारमा बढीमा देहाय बमोजिमको संख्यामा एम्बुलेन्स खरिद गर्दा राजस्व छुट दिन सकिनेछः–

(क) महानगरपालिका /उप-महानगरपालिका - तीनवटासम्म

(ख) नगरपालिका/गाउँपालिका - दुईवटासम्म

(२) उपदफा (१) मा जनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहले पैठारी गर्ने एम्बुलेन्समा पैठारी बिन्दुमा एक प्रतिशत भन्सार महसुल दाखिल गर्नु पर्नेछ।

५. <u>मापदण्ड लागू हुनुपूर्व खरिद गरिएको र दाताबाट प्राप्त एम्बुलेन्स सम्बन्धी व्यवस्था</u> : यो मापदण्ड लागू हुनुपूर्व स्थानीय तहले राजस्व छुटमा खरिद गरेका र कुनै दाताले राजस्व छुटमा खरिद गरी उक्त तहलाई उपलब्ध गराएका एम्बुलेन्सलाई नेपाल सरकारले राजस्वछुट दिएका एम्बुलेन्सको संख्या गणना गर्ने प्रयोजनका लागि दफा ४ बमोजिमको संख्यामा समावेश गरिनेछ ।

६. <u>प्रतिस्थापन</u> : स्थानीय तहलाई उपलब्ध गराइएको एम्बुलेन्स दुर्घटनामा परी संचालन हुन नसक्ने अवस्था भएमा बाहेक अन्य अवस्थामा पाँच वर्ष पुरा नभई अर्को एम्बुलेन्स खरिदमा यस मापदण्ड बमोजिमको सुविधा उपलब्ध गराइने छैन ।

७. <u>अभिलेख राख्नुपर्नेः</u> (१) स्थानीय तहलाई राजस्व छुट सुविधामा पैठारी गर्न अनुमति दिइएका एम्बुलेन्सको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र भन्सार विभागले अनुसूची-२को ढाँचामा अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख राख्ने प्रयोजनको लागि आवश्यक विवरण उपलब्ध गराउने दायित्व सम्बन्धित स्थानीय तह र यातायात व्यवस्था कार्यालयको हुनेछ ।

८. <u>एम्बुलेन्स संचालन सम्बन्धमा पालना गर्नपर्ने शर्तहरु</u> :(१) नेपाल सरकारले राजस्व छुट दिई पैठारी गरेका एम्बुलेन्स संचालन गर्दा स्थानीय तहले देहायका शर्तहरु पालना गर्नुपर्नेछः

(क) राजस्व छुटमा खरिद/प्राप्त गरेको एम्बुलेन्स स्थानीय तहको जिन्सी खातामा आम्दानी बाँध्नुपर्ने,

(ख) एम्बुलेन्स संचालन स्थानीय तहको कार्यकारीले गरेको निर्णयका आधारमा हुनुपर्ने,

(ग) एम्बुलेन्स संचालन गर्दा स्थानीय व्यक्तिलाई प्राथमिकता दिई न्यूनतम शुल्क लिनुपर्ने,

(घ) एम्बुलेन्स पैठारी गर्दा पैठारीकै अवस्थामा त्यस्तो एम्बुलेन्सको अगाडि पछाडि टाढैबाट देखिने गरी ठूला–ठूला अक्षरमा एम्बुलेन्स (AMBULANCE) भनी लेखिएको हुनुपर्ने,

(ङ) एम्बुलेन्समा साइरन, इमर्जेन्सी बत्ती, स्ट्रेचरका साथै अन्य आवश्यक औजारहरू फिट गरिएको हुनुपर्ने,

(च) एम्बुलेन्समा चालकको पछाडिपट्टि कुनै पनि सीट राख्न नपाइने,

(छ) एम्बुलेन्स बिरामीको सेवामा बाहेक अन्यत्र प्रयोग गर्न नपाइने,

(ज) एम्बुलेन्स नेपाल सरकारको सवारी प्रदूषण मापदण्डभित्र रहेर सञ्चालन गर्नुपर्ने,

(झ) एम्बुलेन्सको सवारी दर्ता गर्दा "एम्बुलेन्स" भनी सवारी दर्ता प्रमाणपत्रमा स्पष्ट उल्लेख गर्नुपर्ने,

(ञ) एम्बुलेन्समा टाढैबाट देखिने गरी ठूला-ठूला अक्षरमा "नेपाल सरकारबाट राजस्व छुट सुविधा प्राप्त" भन्ने पनि लेखिएको हुनुपर्ने,

(ट) नेपाल सरकाले समय समयमा तोकेका शर्तहरु पालना गर्नु पर्ने,

(ठ) राजस्व छुट सुविधामा पैठारी गरेका एम्बुलेन्सले विरामी ओसारपसार लगायतका सेवा प्रदान गरेबापत लिने भाडा दर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेबमोजिम हुने ।

(२) उपदफा (१) मा उल्लिखित शर्तहरु उल्लंघन गरेको पाइएमा त्यस्तो एम्बुलेन्स जफत गरी सालबसाली जारी हुने आर्थिक ऐनमा व्यवस्था भएबमोजिम जरिवाना गरिनेछ ।

९. <u>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिफारिस पेश गर्नु पर्ने:</u> (१) स्थानीय तहले खरिद गर्ने एम्बुलेन्समा राजस्व छुट प्राप्त गर्नको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सिफारिस भई आउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिसमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७३बमोजिम एम्बुलेन्स सेवा सञ्चालन गर्ने अनुमति प्राप्त गरेको र यस अघि राजस्व छुट सुविधामा एम्बुलेन्स खरिद/प्राप्त नगरेको प्रामाणिक रुपमा उल्लेख गर्नुपर्नेछ ।

१०. <u>हक हस्तान्तरण वा लिलाम गर्न नपाइने</u> : राजस्व छुटमा खरिद गरिएको एम्बुलेन्स गम्भिर दुर्घटनामा परी सञ्चालन हुन नसक्ने वा मर्मत सम्भार खर्च बढी हुने अवस्था भइ सञ्चालन हुन नसक्ने भनी सम्बन्धित यातायात व्यवस्था कार्यालयको प्राविधिकले सिफारिस गरेमा बाहेक अन्य अवस्थामा लिलाम, बिक्री वा हक हस्तान्तरण गर्न पाइने छैन ।

११. <u>निर्देशिका बमोजिम हुने</u>: स्थानीय तहले संचालन गर्ने एम्बुलेन्स सम्बन्धमा यस मापदण्डमा लेखिएदेखि बाहेकका अन्य कुरा एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७३ मा उल्लेख भएबमोजिम हुनेछ ।

अनुसूची-१

(दफा ३ को उपदफा (३) संग सम्बन्धित)

**एम्बुलेन्स सञ्चालन गर्न राजस्व छुटको पूर्वसहमतिको लागि अनुरोध फाराम**

श्री............................

अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

विषयः राजस्व छुट सुविधामा एम्बुलेन्स खरिद गर्न पूर्वसहमति पाउँ ।

स्थानीय जनतालाई सुलभ तरिकाले एम्बुलेन्स सेवा उपलब्ध गराउने र एम्बुलेन्स सेवामा जनताको पहुँच बढाउने उद्देश्यले एम्बुलेन्स खरिद गरी सञ्चालन गर्ने यस महानगर/उप-महानगर/नगर/गाउँकार्यपालिकाको मिति....................को निर्णय बमोजिम राजस्व छुटमा एम्बुलेन्स खरिद गर्ने पूर्व सहमतिको लागि अनुरोध गर्दछु ।

१. पूर्वसहमति माग गर्नेः

महानगर/उप-महानगर/नगर/गाउँपालिकाको नामः ............................

ठेगानाः (........................)

प्रमुख/अध्यक्ष

२. एम्बुलेन्सको विवरणः

(क) एम्बुलेन्स बनाउने कम्पनीको नाम र मोडल नं.

(ख) एम्बुलेन्स बनेको मितिः

(ग) एम्बुलेन्सको मूल्यः

(घ) एम्बुलेन्स पैठारी हुने भन्सार बिन्दुः

(ङ) इन्भ्वाइस नं. र मितिः

(च) एम्बुलेन्सको वर्गीकरणः क/ख/ग

(छ) एम्बुलेन्सको क्षमताः

३. अन्य कागजात :

(क) महानगर/उप-महानगर/नगर/गाउँकार्यपालिकाको निर्णयको छायाप्रति(संलग्न गर्ने)

(ख) खर्च व्यहोर्ने श्रोतः

(ग) यस अघि राजस्व छुटमा एम्बुलेन्स खरिद गरे/नगरेकोः

(घ) यस अघि राजस्व छुटमा एम्बुलेन्स खरिद गरेको भए संख्या खुलाउनेः

अनुसूची-२

(दफा ६ संग सम्बन्धित)

| सि.नं. | विवरण |
|---|---|
| १. | एम्बुलेन्स बनाउने कम्पनीको नाम र मोडल नं. |
| २. | एम्बुलेन्स बनेको मितिः |
| ३. | एम्बुलेन्सको मूल्यः |
| ४. | एम्बुलेन्स पैठारी भएको भन्सार बिन्दुः |
| ५. | इन्भ्वाइस नं. र मितिः |
| ६. | प्रज्ञापन-पत्र नं. |
| ७. | पैठारी मितिः |
| ८. | एम्बुलेन्सको वर्गीकरणः क/ख/ग |
| ९. | एम्बुलेन्सको क्षमताः |
| १०. | खरिद/पैठारी गर्ने स्थानीय तहको नामः |
| ११. | दाताको नामः |

..............सि.सि.